# हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ७ मितिः २०७९/०८/२१


**भाग-२**

**हरिनगर गाउँपालिका**

हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०८।२१

हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ लाई समयानुकूल संशोधन गर्न बाञ्छनीय भएकोले,

**१.** संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम हरिनगर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. कार्यविधिको दफा ६ (क) ३ को सट्टा देहायको उपदफा ३ राखिएको छ,-

(३) खुला तर्फ उमेर २१ वर्ष पूरा भई बर्ष ३५ ननाघेको, (नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४० वर्ष ननाघेको),

३. कार्यविधिको दफा ६ (ख) ३ को सट्टा देहायको उपदफा ३ राखिएको छ,-

(३) खुला तर्फ उमेर १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको, (नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४० बर्ष ननाघेको),

आज्ञाले,

नामः तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत